मिति : २०८१/०७/१४

माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री,
एवं ने.वि.प्रा. संचालक समितिका अध्यक्षज्यू,
सिंहदरबार काठमाण्डौ ।

**विषय : डेडिकेटेड फिडर तथा ट्रङ्क लाईनको महशुल सम्वन्धमा ।**

नेपाल विद्युत प्राधिकरणमा क्रियाशिल नेपाल विद्युत प्राधिकरण राष्ट्रिय कर्मचारी युनियन र ने.वि.प्रा.कर्मचारी कल्याण परिषदले संस्था रहे कर्मचारी र कर्मचारी रहेमात्र ट्रेड युनियन भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै विगत देखि नै नेपाल विद्युत प्राधिकरणलाई विखण्डन गर्ने सरकारी नीतिका अलावा अन्य हस्तक्षेपहरु तथा संस्थालाई हानी नोक्सानी हुने गरी गरिएका राजनीतिक अभ्यासको डटेर विरोध गर्दै आएको ब्यहोरा स्मरण गर्न चाहन्छौं ।

देशमा चरम विद्युत अभाव भई आम जनताहरु अन्धकारमा रहेको अवस्थामा केही ग्राहकहरुले नेपाल विद्युत प्राधिकरणवाट डेडिकेटेड फिडर तथा ट्रङ्क लाइन मार्फत विद्युत सप्लाई लिई आफ्ना संरचनाहरु संचालन गरेको तर त्यसरी सप्लाई लिए वापत विद्युत महशुलमा लाग्ने अतिरिक्त शुल्क तिर्न अनावश्यक विवाद सृजना गरेर अड्डा, अदालत तथा विभिन्न शक्ति केन्द्रहरुको प्रयोग गरी/गराई महशुल नतिर्न गरेका प्रयासहरु प्रति विगत देखि नै हाम्रो गंम्भिर ध्यानाकर्षण रहदै आएको छ । ६० दिनभन्दा बढी समय विद्युत महशुल नतिर्ने आम विद्युत उपभोक्ताहरुको लाईन काटि महशुल अशुल उपर गरिदैं आएको भएता पनि अनावश्यक विवाद खडा गर्ने उपरोक्त ग्राहकहरुको विगतमा काटिएको लाईन विभिन्न निर्णयहरुको आधारमा निश्चित म्यादभित्र महशुल भुक्तानी गर्ने गरी जोडिदै आएको थियो । यद्यपी अझै पनि त्यस्ता ग्राहकहरुले महशुल नतिरेको र नतिर्नको लागि ऐन, नियम र कानुन बाहेकका अनेक बहानाबाजी र प्राधिकरणको मानमर्दन गरी थप विवाद सिर्जना गरिरहेको कुरा प्रति हाम्रो गम्भिर आपत्ती रहेको छ ।

उक्त महशुलका सम्बन्धमा सम्मानित अदालतहरु, संसदिय समिति, महालेखा परीक्षक, विभिन्न समयमा गठित समितिहरुबाट महशुल अशुल उपर गर्न भनि निर्देशन भएका थिए भने पछिल्लो समयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८१/०१/२७ गतेको निर्णय, सोहि निर्णयको आधारमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको मिति २०८१/०२/२० को निर्देशन बमोजिम प्राधिकरण संचालक समितिले निर्णय गरी जारी गरेको बिल अनुसारको बक्यौता नतिर्ने ग्राहकहरुको काटिएको लाईन नेपाल सरकार साथै विद्युत नियमन आयोगको लिखित निर्देशन पश्चात मिति २०८१/०४/०७ गतेको प्राधिकरण संचालक समितिले ३ महिनाको म्याद दिई जोडिएको व्यहोरा विदितै छ । यस विचमा विद्युत नियमन आयोगबाट मिति २०८१/०५/३१ मा प्राधिकरणलाई पठाईएको पत्रमा समेत उक्त महशुल प्राधिकरणबाट अशुल उपर गर्न भनि निर्देशन भएको छ । संचालक समितिले दिएको उक्त समयावधी सकिनु १५ दिन अगावै सूचना प्रकाशित गर्दा समेत बक्यौता नबुझाउने ग्राहकहरुको लाइन काट्न प्राधिकरण बाध्य भएको थियो । लाईन काटिएपश्चात १४ वटा ग्राहकहरुले प्राधिकरण संचालक समितिले दिएको किस्ताबन्दी सुविधा अनुसार बक्यौता बुझाई लाईन जोडिएको साथै सरकारी स्वामित्वका २ सिमेन्ट उद्योगहरुले समेत किस्ताबन्दीको सुविधा लिई महशुल भुक्तानी गरेको जानकारी प्राप्त भएको छ ।

तसर्थ, आम जनतालाई अन्धकारमा राखी प्रयोग गरिएको विद्युतको महशुल उठाउने कुरामा प्रचलित ऐन, नियम र विद्युत वितरण विनियमावलीमा रहेका व्यवस्थाहरुको अक्षरशः पालना गर्न/गराउन तथा बक्यौता महशुल बुझाउन बाँकी रहेका ग्राहकहरुलाई समेत यथासिघ्र महशुल तिर्ने वातावरण निर्माण गरी डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनको बिद्युत महसुल विवादलाई स्थायी रुपमा समाधान गर्न सहजिकरण गरिदिनुहुन अनुरोध गर्दछौं ।

अन्यथा डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनको बिद्युत महसुल बक्यौता रकम नबुझाई लाईन जोडिएमा सर्वसाधारण जनतालाई समेत सुसूचित गराई संघर्षका कार्यक्रमहरु दिन बाध्य हुने व्यहोरा अनुरोध गर्दछौ ।

श्रीप्रसाद आचार्य
अध्यक्ष
ने.वि.प्रा.कर्मचारी कल्याण परिषद

रामेश्वर प्रसाद पौडेल
अध्यक्ष
ने.वि.प्रा.राष्ट्रिय कर्मचारी युनियन